भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको ५३ औं भर्चुअल बैठकका निर्णयहरु
(मिति २०७८ बैशाख २३ गते)

**निर्णय नं. १**

भरतपुर महानगरपालिकाको यसअगाडि कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा छलफल तथा समीक्षा गरियो ।

**निर्णय नं. २**

नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र तथा स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि अनुसार वागमती प्रदेश सुशासन केन्द्रबाट खटिई आउनुभएका सहजकर्ताहरुको समेत उपस्थितिमा भएको मूल्याँकनमा यस महानगरपालिकाले ६९ (उनान्सत्तरी) प्रतिशत अङ्क प्राप्त गरेको हुँदा सो नतिजालाई अनुमोदन गर्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

हालसम्म खर्च तथा सम्झौता नभएका चालु प्रकृतिका (सीप विकास, क्षमता विकास, तालिम, भ्रमण, गोष्ठी लगायतका) शीर्षकका रकमको हकमा स्वीकृत कार्यक्रम बाहेकका रकम एकीन गरी कोभिड कोषमा जम्मा गर्ने र कोरोना नियन्त्रणका लागि खर्च गर्नुपर्ने भएमा सोही कोषबाट खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

हाल कोभिड– १९ को महामारी तीव्र रुपमा फैलिरहेको कारण महानगरका नागरिकको जनस्वास्थ्यमा पर्ने स्वास्थ्यसम्बन्धी असरलाई मध्यनजर गर्दै हाल सञ्चालनमा रहेका शिवनगर र शारदानगर स्वास्थ्य केन्द्रलाई व्यवस्थित गरी कोभिड अस्पतालको रुपमा सञ्चालन गर्न सकिने गरी आवश्यक तयारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

भरतपुर महानगरपालिकाको कोभिड– १९ नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी कार्ययोजना, २०७८ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कोभिड– १९ नियन्त्रण तथा व्यवस्थापन समन्वय समितिको मिति २०७८/०१/२१ मा बसेको बैठकले दिएको निर्देशनलाई आधार मानी कार्य गर्ने गरी देहाय बमोजिमको कोभिड– १९ नियन्त्रण, सहजीकरण तथा कार्यान्वयन एवं समन्वय समितिलाई सहयोग पुर्‍याउन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजकः उपप्रमुख श्री पार्वती शाह ठकुरी
सदस्यः श्री अरुण पीडित भण्डारी
सदस्यः श्री चित्रसेन अधिकारी
सदस्यः श्री कर्ण बहादुर गुरुङ
सदस्यः श्री विजयकुमार भुजेल
सदस्यः श्री पदमपाणि सुवेदी

Scanned with CamScanner

सदस्यः श्री दामोदर न्यौपाने
सदस्यः श्री ओम प्रसाद पोखरेल
सदस्यः श्री नरिनारायण पौडेल
सदस्य : श्री गोविन्द तमाङ
सदस्यः शैक्षिक प्रशासन महाशाखा प्रमुख
सदस्यः आर्थिक प्रशासन महाशाखा प्रमुख
सदस्यः श्री खरिद शाखा प्रमुख
सदस्यः विपद व्यवस्थापन शाखा प्रमुख
सदस्य सचिव : जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख

निर्णय नं. ७

भरतपुर महानगरपालिका अर्न्तगत तपसिल बमोजिमका खोला तथा नदीबाट नदीजन्य पदार्थ उत्खनन सङ्कलन तथा बिक्री वितरणका लागि नियमानुसार बोलपत्र आहान गरी E-bidding मार्फत सबैभन्दा बढी बोलकबोल गर्ने कम्पनीसँग सम्झौता गरी कार्य सञ्चालन भइरहेकोमा उक्त नदीजन्य सम्बन्धी आय ठेक्काहरु अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र. सं | ठेक्का.नं/उत्खनन स्थल | इजाजत प्राप्त कम्पनी | न्यूनतम रकम रु. | स्वीकृत रकम रु. (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | Metro/Bhr/O/NCB/72/077/078 भरतपुर महानगरपालिका वडा नं. १६ स्थित ज्ञानेश्वर सामुदायिक वनको तटीय क्षेत्र, नारायणी नदीको बगर क्षेत्र । | भिष्म एण्ड ब्रदर्श कन्स्ट्रक्सन, भरतपुर-११ | १,२७,००,८००/- | २,९२,००,०००/- |
| २ | Metro/Bhr/O/NCB/73/077/078 भरतपुर महानगरपालिका वडा नं. १ ठिमुरा अर्न्तगत त्रिशुली नदीको बगर क्षेत्र | सगुन कन्स्ट्रक्सन प्रा.लि, बुटवल १२ रुपन्देही | २,१४,३२,६००/- | २,२६,१२,५००/- |
| ३ | Metro/Bhr/O/NCB/74/077/078 भरतपुर महानगरपालिका वडा नं. २९ अर्न्तगत गाइघाट तथा भोर्ले क्षेत्र त्रिशुली नदीको बगर क्षेत्र | हाइवे कन्स्ट्रक्सन प्रा.लि, भरतपुर-१६, चितवन । | ६३,५०,४००/- | १,३१,३०,०००/- |
| ४ | Metro/Bhr/O/NCB/84/077/078 भरतपुर महानगरपालिका वडा नं. १७ स्थित मझुवा सामुदायिक वनको तटीय क्षेत्र, नारायणी नदीको बगरक्षेत्र । | पृथ्वी तारा कन्स्ट्रक्सन प्रा.ली भरतपुर- ४, चितवन | २,०६,३८,८००/- | ३,००,००,०००/- |

निर्णय नं. ८

भरतपुर महानगरपालिका वडा नं. १६ सिद्धिगणेश सामुदायिक वन, नारायणी नदीको बगर क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन सम्बन्धी ठेक्का.नं Metro/Bhr/O/NCB/71/077-78 को एक मात्र बोलकबोल गर्ने श्री आश्रित निर्माण

Scanned with CamScanner

२०४.

सेवा, भरतपुर, चितवनको रु. २,४२,७३,०००/- (मु.अ. कर तथा अग्रिम आय कर बाहेक) को ठेक्का मिति २०७७/१२/३ का दिन स्वीकृत भएकोमा उक्त उत्खनन क्षेत्रसम्म पहुँच मार्ग बनाउने क्रममा गैंडाकोट नगरपालिकाबाट सीमाना विवाद निकाली अवरोध सृजना भएको र उक्त विवादको कारण ठेक्का सञ्चालन हुने अवस्था नभएको कारण राजस्व परामर्श समितिको मिति २०७७/१२/२९ गतेको बैठकबाट ठेक्का रद्द गर्न सिफारिस भइ ठेक्का रद्ध भएको हुँदा उक्त ठेक्का रद्द गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

महानगर मातहतका विभिन्न वडाहरुमा रहेका एम्बुलेन्सहरु कोभिड व्यवस्थापनमा खटाउने गरी तयारी अवस्थामा राख्ने निर्णय गरियो ।

निर्णय नं. १०

आ. व. ०७८/०७९ मा वडास्तरमा सञ्चालन गरिने योजनाहरु छनौट गर्ने सम्बन्धमा कोभिड-१९ को महामारीका कारण वडा भेला गर्न सम्भव नभएकोले वडा समितिबाट छनौट गरी मिति २०७८/०२/२५ गतेभित्र महानगरको शहरी पूर्वाधार महाशाखामा पठाउने निर्णय गरियो ।

निर्णय नं. ११

नगर विकास योजना २०७७ को कृषितर्फको कार्यक्रम नं. १ बाट रु. २५ लाख, ४ बाट ५ लाख, ५ बाट २० लाख, १० बाट ५ लाख, ११ बाट ४ लाख, १४ बाट १० लाख र १६ बाट ५ लाख गरी कुल रु. ७४ लाखमध्ये साना सिंचाईमा ४५ लाख, डिप बोरिङमा १५ लाख र उन्नत धानको बिउ अनुदानमा १४ लाख रकमान्तर गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

भरतपुर महानगरपालिकाको वडा नं. १६, १७, १९ र २० लाई समेटी स्वच्छ खानेपानी सेवा प्रवाह गर्ने उद्देश्यले नगर विकास कोष, खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गतको आयोजना व्यवस्थापन कार्यालय, भरतपुर महानगरपालिका र उपभोक्ता संस्थाबीच चौपक्षीय वित्तीय सम्झौता भइसकेकोमा नगर विकास कोष र शारदानगर जागृति खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था, चितवनबीच हुने ऋण सम्झौतामा धनजमानी प्रदान गर्ने र धनजमानी तथा ऋण सम्झौतामा हस्ताक्षर गर्ने अख्तियारी नगरप्रमुखज्यूलाई प्रदान गर्ने निर्णय गरियो ।

विविध निर्णयहरु

क. भरतपुर महानगरपालिका वडा नं. २३ स्थित भरतपुर बहुप्राविधिक शिक्षालयको माग अनुसार सम्बन्धित निकायलाई सिफारिस दिने निर्णय गरियो ।

ख. महानगरको राजस्व संकलन कार्य अभियानको रुपमा सञ्चालन भइरहेकोमा हाल कोभिड-१९ को महामारीका कारण सञ्चालन गर्न असम्भव भएकोले स्थगन गर्ने निर्णय गरियो ।

ग. कोभिड-१९ का कारण कार्यालयमा कार्यरत कर्मचारी समेत संक्रमित भइरहेको अवस्था हुँदा २०७८ साल बैशाख मसान्तसम्म अति आवश्यक (दमकल, सरसफाइ, स्वास्थ्यकर्मी, विपद सम्बन्धी) सेवा बाहेक अन्य नियमित सेवा बन्द गर्ने निर्णय गरियो ।

२०४.

Scanned with CamScanner

निर्णय नं. १३

भरतपुर महानगरपालिकाको कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धि कार्यविधि २०७६ लाई संशोधन गर्न पेश भएको मस्यौदा माथि छलफल भयो। उक्त मस्यौदा र छलफलमा प्राप्त हुन आएका सझावहरु समेतलाई समावेश गरि उक्त कार्यविधि संशोधन गरि लागु गर्ने निर्णय गरियो।

निर्णय नं. १४

सार्वजनिक निजि-साझेदारी अवधारणा बमोजिम वडा नं.३ स्थित महानगरको आफ्नै जग्गामा निजि श्रेत्रबाट संचालन, व्यवस्थापन, हस्तान्तरणको विधिअनुसार निर्माण हुने भरतपुर मेट्रोप्लाजाको सम्झौता गर्न सैद्धान्तिक सहमती प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. १५

ज्ञानेश्वर सामुदायिक वन उपभोक्ता समुहले गत आ.ब. ०७६/०७७ मा सामुदायिक वन अन्तर्गतको श्रेत्रमा पथपर्यटन कार्यको लागि जनसहभागिता वापत रु ३,३४,०००/- (अक्षेरुपी तिन लाख चौतिस हजार मात्र) जम्मा गरेकोमा तत्कालिन समयमा उक्त कार्य वापत सम्पन्न नभएको सम्बन्धित प्राविधिक शाखा बाट पेश भएबमोजिम चालु आ.ब. ०७७/०७८ मा संचालित हुने आयोजनाकालागि उक्त रकमबाट जनसहभागिता वापत हुने रकम मध्येबाट प्रयोग गर्ने निर्णय गरियो।

Scanned with CamScanner